**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर ६ गते शनिबार ❑ 22 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको दशौँ सभा सम्पन्न

**रासस**
काठमाडौं, ५ मंसिर

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको दशौँ सभा सम्पन्न भएको छ।



प्रतिष्ठानका कुलपति एवं प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा शुक्रबार यहाँ सिंहदरबारमा सभा सम्पन्न भएको हो । त्यस अवसरमा कुलपति कार्कीले उत्कृष्ट विशेषज्ञ सेवासहित ५०० शय्यामा सञ्चालनमा रहेको प्रतिष्ठानलाई सरकारका तर्फबाट निरन्तर आवश्यक सहयोग हुने बताउनुभयो । उहाँले पछिल्ला केही वर्षयता प्रतिष्ठानले अत्याधुनिक स्वास्थ्य उपकरणको व्यवस्था गरी लाखौँ नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराएको भन्दै प्रशंसा गर्नुभयो ।

कुलपति कार्कीले प्रतिष्ठानले भरपर्दो स्वास्थ्य संस्थाका रूपमा विकास गर्नु सरकार र सबैका लागि गौरवको विषय भएको धारणा राख्नुभयो । सभाले प्रतिष्ठानका उपकुलपति डा भरतबहादुर खत्रीले प्रस्तुत गर्नुभएको बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ। जसमा यस वर्षका लागि रु एक अर्ब ८९ करोड ४६ लाख रहेकामा जसमा सरकारबाट रु ३६ करोड ९५ लाख र आन्तरिक स्रोतबाट रु एक अर्ब ५२ करोड ५१ लाख रहेको छ।

गत आर्थिक वर्षमा प्रतिष्ठानले सरकारबाट रु ५७ करोड १९ लाख पाएको थियो भने आन्तरिक स्रोतमा रु एक अर्ब १३ करोड रहेको थियो । विसं २०७२ मा पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रुपन्तारण गरिएको थियो । प्रतिष्ठानमा स्नातकोत्तरतर्फ एमडी, एमएसमा १३ विभागअन्तर्गत १०० विद्यार्थी अध्ययनरत छन् । स्नातकतर्फ एमबिबिएस, बिएनएस, बिएसी नर्सिङतर्फ १७० विद्यार्थी अध्ययनरत छन् ।

सभामा सहकुलपति एवं स्वास्थ्यमन्त्री डा सुधा गौतम, स्वास्थ्य मन्त्रालयका सचिव डा विकास देवकोटा, प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठ, सभाका सदस्यलगायतका उपस्थिति रहेको थियो ।

## दलित आयोगको प्रतिवेदन गण्डकी प्रदेश प्रमुख समक्ष पेस

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर



राष्ट्रिय दलित आयोगको प्रतिवेदन गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष पेस गरिएको छ । आयोगका सदस्य मेहले पार्कीले शुक्रबार एक कार्यक्रमका बीच प्रदेश प्रमुख भट्टलाई आयोगको पाँचौ वार्षिक प्रतिवेदन पेस गर्नुभयो ।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदन पेस भएको हो । प्रतिवेदन बुझ्नुहुँदै प्रदेश प्रमुख भट्टले दलित समुदायको हक, अधिकार र समानताका लागि राष्ट्रिय दलित आयोगले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो । गत कार्तिक २१ गते मात्रै गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणिकरण गरेको जानकारी गराउँदै उहाँले समाजलाई न्यायपूर्ण र समतामूलक बनाउने दिशामा अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । 'जातीय विभेदको समस्यालाई ती समुदायको मात्र समस्याको रूपमा नलिई साझा समस्याका रूपमा लिनुपर्दछ' उहाँले भन्नुभयो - 'वर्षौंदेखि जकडिएको छुवाछुत र भेदभावको जालोलाई तोड्न ढिलाई गर्नुहुँदैन ।' पेश भएको प्रतिवेदन मुख्यमन्त्री मार्फत् गण्डकी प्रदेश सभामा पेश गरिने प्रतिवद्धता व्यक्त गर्दै उहाँले सदनमा सघन छलफल भई प्राप्त हुने निष्कर्षले भविष्यमा आयोगका काम कारवाहीहरु अझै सबल र सशक्त बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

आयोगका सदस्य पार्कीले पाँचौ प्रतिवेदन ६ वटा परिच्छेद र ५ वटा अनुसूची समेटी १०२ पृष्ठमा तयार गरिएको जानकारी गराउनुभयो । उहाँका अनुसार प्रतिवेदनमा दलित आयोगले गरेका प्रगति, आइपरेका चुनौती र आवश्यक सुझाव समेटिएका छन् । संविधानमा समानुपातिक समावेशी सहभागिता भनिएपनि सबै क्षेत्रमा कार्यान्वयन नभइरहेको अवस्थाबारे ध्यानाकर्षण गराउनुभयो । नेपालको संविधान अनुसार आयोगको कार्यक्षेत्र अन्तर्गत दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गर्ने तथा नेपाल सरकारलाई सिफारिस गर्ने र जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम एवं दलित हितसँग सम्बधित कानून एवं कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने व्यवस्था छ ।

## कास्कीमा जेनजी प्रदर्शनका क्रममा आपराधिक गतिविधि गर्ने ५३ जनामाथि मुद्दा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर

कास्की जिल्ला प्रहरी कार्यालयले गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा तोडफोड, आगजानी र लुटपाटजस्ता आपराधिक गतिविधिमा संलग्न ५३ जना व्यक्तिलाई नियन्त्रणमा लिई मुद्दा चलाएको छ ।

किटानी जाहेरीका आधारमा हालसम्म पक्राउ परेकाहरूमाथि आपराधिक उपद्रव मुद्दामा अनुसन्धान भइरहेको कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । तीमध्ये १४ जना धरौटीमा छुटेको र ३९ जनामाथि अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । वडा प्रहरी कार्यालय बैदामबाट तीन जना र अन्यलाई जिल्ला प्रहरी कार्यालयबाट मुद्दा चलाइएको हो । आगजनी, तोडफोड र लुटपाटका घटनामा सरकारी निकायबाट २३ र निजीतर्फबाट आठवटा जाहेरी परेको सूचना अधिकारी बस्नेतले जानकारी दिनुभयो ।

"सरकारी कार्यालय, व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्तिमा आगजनी र लुटपाट गर्नेहरूको पहिचान गर्ने र नियन्त्रणमा लिने काम भइरहेको छ", उहाँले भन्नुभयो, "आपराधिक गतिविधिमा संलग्नको पहिचानमा सहयोग गर्न सबैमा आग्रह पनि गरिएको छ।"

कास्की प्रहरीले सरकारी कार्यालयसहित व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्तिमा भएको तोडफोड, आगजनी र लुटपाटको भिडियो सार्वजनिक गर्दै त्यस्ता कार्यमा संलग्न देखिएका व्यक्तिलाई पहिचान गर्न सकेमा नाम, ठेगाना, सम्पर्क नम्बर आदि उपलब्ध गराउन आग्रह गरेको हो ।

आपराधिक गतिविधिमा संलग्न व्यक्तिका बारेमा सूचना दिने व्यक्ति-संस्थाको गोपनियता कायम राखिने कार्यालयका सूचना बस्नेतले बताउनुभयो । आन्दोलनका नाममा आपराधिक कार्य गर्ने व्यक्तिको पहिचान गर्न सहज होस् भनेर सामाजिक सञ्जालमार्फत भिडियो सार्वजनिक गरी यस कार्यमा सघाउन सबैमा आग्रह गरिएको उहाँको भनाइ छ । प्रदर्शनकारीले लुटेका केही हतियारसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । जेनजी प्रदर्शनका क्रममा गण्डकी प्रदेशको राजधानी पोखरामा रहेका अधिकांश सरकारी कार्यालयमा आगजनी र तोडफोड गरिएको थियो । आन्दोलनका क्रममा कास्कीसहित गण्डकी प्रदेशभित्र सरकारी र निजी क्षेत्रतर्फ गरी झण्डै रु पाँच अर्बबराबरको क्षति पुगेको जनाइएको छ ।

## मतदाता नामावली दर्ताको समय सकिँदै

**रासस**
काठमाडौं, ५ मंसिर

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्ष्य गरेर सञ्चालन गरेको मतदाता नामावली तथा अद्यावधिकका लागि थप गरेको समय आइतबार मध्य रातिदेखि सकिँदैछ । सो अघि गत कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय दिइएकामा नयाँ मतदाताको दर्ताको चाप र सरोकार भएका पक्षको आग्रहका आधारमा आयोगले यही मङ्सिर ५ गतेसम्मका लागि समय थपेको थियो ।

यसबीचमा करिब सात लाख नयाँ मतदाता थपिएको जनाएको आयोगले मध्यरातिपछिको सबै यकिन विवरण छिट्टै सार्वजनिक गर्ने जनाएको छ । थपिएको संख्या उत्साहजनक भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो ।

आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने गराएपछि अनलाइनबाट नाम दर्ता गराउनेको संख्या थप बढेको थियो ।


## कास्कीमा जेनजी प्रदर्शनका क्रममा आपराधिक गतिविधि गर्ने ५३ जनामाथि मुद्दा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर

कास्की जिल्ला प्रहरी कार्यालयले गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा तोडफोड, आगजानी र लुटपाटजस्ता आपराधिक गतिविधिमा संलग्न ५३ जना व्यक्तिलाई नियन्त्रणमा लिई मुद्दा चलाएको छ ।

किटानी जाहेरीका आधारमा हालसम्म पक्राउ परेकाहरूमाथि आपराधिक उपद्रव मुद्दामा अनुसन्धान भइरहेको कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । तीमध्ये १४ जना धरौटीमा छुटेको र ३९ जनामाथि अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । वडा प्रहरी कार्यालय बैदामबाट तीन जना र अन्यलाई जिल्ला प्रहरी कार्यालयबाट मुद्दा चलाइएको हो । आगजनी, तोडफोड र लुटपाटका घटनामा सरकारी निकायबाट २३ र निजीतर्फबाट आठवटा जाहेरी परेको सूचना अधिकारी बस्नेतले जानकारी दिनुभयो । "सरकारी कार्यालय, व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्तिमा आगजनी र लुटपाट गर्नेहरूको पहिचान गर्ने र नियन्त्रणमा लिने काम भइरहेको छ", उहाँले भन्नुभयो, "आपराधिक गतिविधिमा संलग्नको पहिचानमा सहयोग गर्न सबैमा आग्रह पनि गरिएको छ।"

कास्की प्रहरीले सरकारी कार्यालयसहित व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्तिमा भएको तोडफोड, आगजनी र लुटपाटको भिडियो सार्वजनिक गर्दै त्यस्ता कार्यमा संलग्न देखिएका व्यक्तिलाई पहिचान गर्न सकेमा नाम, ठेगाना, सम्पर्क नम्बर आदि उपलब्ध गराउन आग्रह गरेको हो ।

आपराधिक गतिविधिमा संलग्न व्यक्तिका बारेमा सूचना दिने व्यक्ति-संस्थाको गोपनियता कायम राखिने कार्यालयका सूचना बस्नेतले बताउनुभयो । आन्दोलनका नाममा आपराधिक कार्य गर्ने व्यक्तिको पहिचान गर्न सहज होस् भनेर सामाजिक सञ्जालमार्फत भिडियो सार्वजनिक गरी यस कार्यमा सघाउन सबैमा आग्रह गरिएको उहाँको भनाइ छ । प्रदर्शनकारीले लुटेका केही हतियारसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । जेनजी प्रदर्शनका क्रममा गण्डकी प्रदेशको राजधानी पोखरामा रहेका अधिकांश सरकारी कार्यालयमा आगजनी र तोडफोड गरिएको थियो । आन्दोलनका क्रममा कास्कीसहित गण्डकी प्रदेशभित्र सरकारी र निजी क्षेत्रतर्फ गरी झण्डै रु पाँच अर्बबराबरको क्षति पुगेको जनाइएको छ ।




**अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं ।**

अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भब्यरुपमा मनाऔं, समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



# हिमालय क्लवले निःशुल्क आँखा शिविर गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव बाटुलेचौरले निःशुल्क आँखा जाँच शिविर गर्ने भएको छ।

यही मङ्सिर ६ गते शनिबार क्लबको प्राङ्गणमा हुने निशुल्क आँखा जाँच शिविरमा बृहत मोतियाविन्दु भएकाको छनौट समेत गरिने क्लवका सूचना अधिकारी शिवराज देवकोटाले बताए।



दृष्टि आँखा अस्पताल पोखरा -९, नयाँबजारको प्राविधिक सहयोगमा हुने शिविरमा आँखा सम्बन्धि सम्पूर्ण जाँच गराईने जनाउँदै शिविरमा सहभागी हुन क्लबले अपिल गरेको छ। निःशुल्क आँखा परिक्षण शिविरमा आवश्यक परेका बिरामीहरुलाई निःशुल्क औषधी वितरणको व्यवस्था मिलाइएको छ। आवश्यक परेका बिरामीहरुलाई सहुलियत दरमा चश्मा वितरण गरिने जनाइएको छ। शिविरमा मोतियाविन्दु भएका बिरामीहरुलाई दृष्टि आँखा अस्पताल पोखरा -९, नयाँबजारमा यहि मंसिर २५, २६ र २७ गते काठमाडौं र पोखराका बरिष्ठ नेत्र रोग विशेषज्ञ डाक्टरद्धारा अप्रेशन गरिने योजना रहेको र एस आइ सि एस विधिबाट निशुल्क अप्रेसन गरिनुका साथै फेको मेसिनबाट सहुलियत दरमा अप्रेसन गरिने क्लवका अध्यक्ष मोहन थापाले जानकारी दिए। क्लवले यस अघि मुटु सम्बन्धी जाँच, महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रीनिङ टेस्ट लगायत विभिन्न स्वास्थ्य जाँच गरी नागरिकलाई सेवा प्रदान गर्दै आएको छ।



प्याराग्लाइडिङ -पोखरा : पोखरा महानगरपालिका-१८ मेथलाङबाट देखिएको आकाशमा उड्दै गरेको प्याराग्लाइडिङ। फेवातालसहित पोखराको सुन्दरतालाई अवलोकन गर्न तथा साहसिक खेलमा रमाउने पर्यटकका लागि पोखराको प्याराग्लाइडिङले आकर्षण थपेको छ। तस्बिर : राधिका कँडेल / रासस

# कोरियन एस्थेटिक 'लेट मि इन' को शाखा पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर

स्किन केयरका लागि स्थापित कोरियन एस्थेटिक 'लेट मि इन' ले पोखरामा शाखा विस्तार गरेको छ। चिप्लेढुंगामा रहेको पोखरा ट्रेड मलको चौंथो तलामा शुक्रबारदेखि शाखा सञ्चालनमा आएको हो।

'लेट मि इन' को उद्घाटन कलाकार नीति शाह, डिजिटल कन्टेन्ट क्रियटर तथा भ्लगर सिसन बानियाँ र प्रबन्ध निर्देशक लि मिन क्योङले गरे।

काठमाडौंको बानेश्वर र महाराजगञ्जपछि पोखरामा यो तेस्रो शाखा हो। शाखा उद्घाटनमा नायिका नीति शाहले 'लेट मि इन' को सेवाबाट आफू प्रभावित भएको बताइन्। लेट मि इनको ब्रान्ड एम्बास्डर समेत रहेकी उनले कोरियन स्किन प्रडक्ट विश्वबजारमा चम्किरहेको अवस्थामा नेपालीका लागि पनि उपयुक्त हुने बताइन्। 'लेट मि इनको सेवा मात्रै राम्रो छैन, प्रविधि र उपकरणमा पनि अब्बल छ,' उनले भनिन्, 'ब्रान्ड एम्बेस्डरको



रुपमा मात्रै होइन, एक उपभोक्ताको रुपमा पनि खुसी छु।'

भ्लगर सिसन बानियाँले विश्वव्यापी रुपमा प्राप्त हुने सुविधा अब पोखरामा आएको बताए। उनले लेट मि इनसँगको आफ्नो अनुभव उत्कृष्ट रहेको बताउँदै यहाँ प्राप्त हुने सेवाले आत्मविश्वासी बनाउने उल्लेख गरे। कोरियन एस्थेटिकका प्रबन्ध निर्देशक मा दोङ सोले सफा, सुन्दर र शान्त वातावरणमा उत्कृष्ट उत्पादनको प्रयोग गर्ने उद्देश्यले शाखा विस्तार गरेको बताए। 'यो मानिसलाई सुन्दर बनाउने कुरा मात्रै होइन, त्यसभन्दा एक कदम अगाडि बढेर सेवा दिन पनि आएका हौं,' पोखरामा आउनुको कारणबारे उनले भने, 'उपभोक्तालाई खुसी बनाउनु हाम्रो लक्ष्य हो।' उनले काठमाडौंमा जत्तिकै सेवा सुविधा पोखराको शाखामा पनि उपलब्ध हुने जानकारी गराए। भने, 'अनुसन्धानपछि आएका नयाँ-नयाँ प्रविधि भित्र्याउने हाम्रो लक्ष्य छ।' कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवराम तिवारीले स्किन केयरका लागि लेट मि इन उत्कृष्ट रोजाइ हुने बताए। कम्पनीका कन्ट्री म्यानेजर विनोद सुवेदीका अनुसार झण्डै ४ करोड रुपैयाँको लगानीमा पोखरा शाखा सञ्चालनमा आएको हो। पोखरा शाखामा हाल डाक्टर, नर्स सहित १५ कर्मचारी कार्यरत छन्। बानेश्वर, महाराजगञ्ज र पोखरा समेत गरी ७५ जनाले रोजगारी पाएका छन्। उनले स्किन केयरका लागि लेट मि इनमा जत्तिकै उपकरण अन्यत्र नभएको उल्लेख गरे। पोखरा शाखामा कार्यरत नर्स सदिक्षा थापाले शाखा सञ्चालनको अवसरमा नोभेम्बर ३० सम्म डाक्टर परामर्श निःशुल्क गरिएको र अन्य सेवामा ३५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको जानकारी दिइन्। कोरियन सौन्दर्य सामग्रीमा एउटा किन्दा अर्को सित्तैमा दिने अफर पनि यही अवधिमा रहेको उनले सुनाइन्। उनका अनुसार पोखरा शाखाबाट हेयर ट्रान्सप्लान्ट, हेयर रिडक्सन ट्रिटमेन्ट, फेसियल्स, एन्टी एजिङ ट्रिटमेन्ट, स्कार ट्रिटमेन्ट, हेयर रेस्टोरेसन ट्रिटमेन्ट, टाटु रिमुभल, डन्डिफोर, कालोपोतो लगायतको उपचार, हाइपरबेरिक अक्सिजन थेरापी लगायत सेवा प्रदान हुन्छ।

# कात्तिकमा ३५ हजार बढी पर्यटकले 'एक्याप' घुमे

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर

गत कात्तिकमा ३५ हजार ९५२ विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्ने विभिन्न गन्तव्यस्थलको भ्रमण गरेका छन्। जुन गत वर्षको सोही अवधिको तुलनामा आठ प्रतिशतले बढी हो।

विसं २०८१ को कात्तिकमा ३३ हजार ३१० जना पर्यटक यस क्षेत्रको भ्रमणमा आएका थिए। त्यसअघि २०८० साल कात्तिकमा २४ हजार ४१६ पर्यटक यस क्षेत्रमा भित्रिएका थिए। नेपालमा असोज-कात्तिकलाई मुख्य पर्यटकीययामका रूपमा लिइन्छ। दक्षिण एसियाली देशमध्ये सबैभन्दा धेरै भारतीय पर्यटक यस क्षेत्रको भ्रमणमा आउने गरेका 'एक्याप'का प्रमुख डा रविन कडरियाले बताउनुभयो। आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। सडकमार्ग भएर बर्सेनि उल्लेख्य सङ्ख्यामा आन्तरिक पर्यटक यस क्षेत्रमा भित्रने गरेका आयोजना प्रमुख डा कडरियाले बताउनुभयो।

कात्तिकमा पर्यटकीययामसँगै मुख्य चाडपर्व र बिदाको समय पर्ने भएकाले यो समयमा आन्तरिक पर्यटकको आगमन पनि बढ्ने गरेको हो।

यस याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोरेपानी, पुनहिलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्ने गरेको छ। मुक्तिनाथसहित अन्य धार्मिक गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडकमार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन्। सात हजार ६०० वर्गकिलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्दछन्। हिमशृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिन्छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ।

# परिवार नियोजनको अभियान भारती भवन र इन्द्रराज्य लक्ष्मीमा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर

नेपाल परिवार नियोजन संघ कास्की शाखाले संचालन गरेको यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान जारी रहेको छ।

पछिल्लो समय पोखरा महानगरपालिका वडा नं १९ को भारती भवन मा.वि र पोखरा महानगरपालिका वडा नं १६ को इन्द्रराज्य लक्ष्मी मा.विमा अभियान संचालन गरिएको छ।



अभियानमा कक्षा ११ र १२ का किशोर किशोरी र युवाहरु सहभागि गराइएको नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो। अभियान २४ वटा विद्यालय तथा कलेजसम्म लगिनेछ। भारती भवनमा मा.विमा आयोजित कार्यक्रम शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नं १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले यस्ता अभियानले समाजलाई समेत योगदान दिने उल्लेख गर्नुभयो। कार्यक्रममा इन्द्रराज्य लक्ष्मी मा.विका प्रधानाध्यापक केशव प्रसाद अम्गाई र भारती भवन मा.विका प्रधानाध्यापक नेत्र बहादुर आलेले बोल्नुभएको थियो। कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारी र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले संचालन गर्नुभएको थियो।

# एमालेको राष्ट्रिय स्वयंसेवक फोर्स केन्द्रीय 'कमाण्ड' घोषणा

**रासस**
काठमाडौं, ५ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ) केन्द्रीय 'कमाण्ड' घोषणा गरिएको छ।

एमाले जनसङ्गठन समन्वय संयन्त्रद्वारा आज यहाँ आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीलगायत नेता तथा कार्यकर्ताको उपस्थितिमा सातै प्रदेशका प्रतिनिधित्व रहने गरी 'कमाण्ड' घोषणा गरिएको हो। पुष्पराज श्रेष्ठको संयोजकत्वमा एघार सदस्यीय टोली रहेको छ। संयन्त्रका संयोजक भानुभक्त ढकालले फोर्सको केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी सदस्यको नाम घोषणा गर्नुभयो। टोलीमा सहसंयोजकसहित केशव रोका, लव अधिकारी यादव, जयराम लामा, विदुर शर्मा, सागर भट्ट, सञ्जीव धिताल, विनिता काफ्ले रहनुभएको छ। टोलीलाई पार्टीका अध्यक्ष ओलीले बधाई दिँदै सपथसमेत गराउनुभयो। फोर्समा पार्टीका विभिन्न जनसङ्गठनबाट प्रतिनिधित्व हुने र ती सङ्गठनबाट जिम्मेवारी लिइसकेका व्यक्तिलाई पनि समावेश गरिने नेता ढकालले बताउनुभयो।

कार्यक्रममा एमालेका पोलिटब्युरो सदस्य महेश बस्नेतले सामाजिक सुरक्षाका लागि फोर्सले काम गर्ने बतउनुभयो। गत असोज १५ गते भक्तपुरको गुण्डुमा उक्त फोर्स घोषणा कार्यक्रममा केन्द्रीय टोली सार्वजनिक गर्ने जनाइएको थियो।




# नेपाल प्रहरीलाई नेपाल लाईफ इन्स्योरेन्सको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ मंसिर

जीवन वीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्सले नेपाल प्रहरीलाई कम्प्युटर र सन्देशमुलक बोर्ड हस्तान्तरण गरेको छ।

शुक्रबार एक कार्यक्रमकाबिच कम्पनीले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौडा, कास्की र जिल्ला प्रहरी कार्यालय कास्कीलाई ती सामाग्री हस्तान्तरण गरेको हो।



कम्पनीले राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौडालाई ७५ थान ट्राफिकसंग सम्बन्धीत सूचनामुलक बोर्ड र जिल्ला प्रहरी कार्यालय कास्कीका लागि ५ थान कम्प्युटर हस्तान्तरण गरेको हो। नेपाल लाईफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइयो) प्रवीणरमण पराजुलीले ती सामाग्री राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौडाका प्रमुख प्रहरी उपरिक्षक दानबहादुर थापा र जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरिक्षक नबिन कार्कीलाई हस्तान्तरण गरे। सामाग्री हस्तान्तरण कार्यक्रममा बोल्दै सिइयो पराजुलीले सामाजिक उत्तरदायीत्व अन्तरगत कम्पनीले काम गर्दै आएको बताए। जिल्ला प्रहरी र ट्राफिक प्रहरीलाई हन्तारन्तरण गरिएका सामाग्रीले प्रहरीको सेवामा सहयोग पुग्ने पराजुलीले आशा व्यक्त गरे।

कार्यक्रममा बोल्दै नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गगनगौडा कास्कीका प्रमुख दानबहादुर थापाले इन्स्योरेन्स कम्पनीले प्रदान गरेका सामाग्रीले कानुनको कार्यान्वय गर्न र सेवाग्राहीलाई सेवा प्रवाह गर्न थप सहयोग पुग्ने विश्वाश व्यक्त गरे। शान्ती सुरक्षा कायम गर्नु, अपराध नियन्त्रण र दुर्घटना न्यूनिकरण गर्ने सबैको सहयोगको आवश्यक पर्ने पराजुलीको भनाई थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# लोप भए पानीघट्ट

पोखरापत्र संवाददाता
बागलुङ, ५ मंसिर

एक दशक अगाडिसम्म निसीखोलाका दर्जनौं स्थानमा पानीघट्ट थिए । त्यही घट्टमा यहाँका हजारौं नागरिकले गहुँ, मकै, फाफर, कोदोलगायत पिसानी गरेर उपभोग गर्थे । तर अहिले कुनै पनि स्थानमा पानीघट्ट भेटिँदैनन् । गाउँगाउँमा विद्युतीकरण भएपछि पछिल्लो समय टोलै पच्छिे विद्युतीय मिल बनेका छन् । ग्रामीण जनजीवनसँग जोडिएको पानीघट्ट मिलले विस्थापित बनेका छन् ।

कतिपयले पानीघट्ट चलाएरै जीविकोपार्जनसमेत गर्दै आएका थिए । पानीघट्ट सङ्कटमा परेपछि उनीहरूले पेसा नै बदल्नु परेको छ । निसीखोला गाउँपालिका-३ का नबहादुर मगरले करिब १२ वर्ष दुई पानीघट्ट सञ्चालन गरेर परिवार पालेको सुनाउँदै चार वर्षदेखि अरू पेसा गर्न थालेको बताउनुभयो । गाउँमा विद्युतीय मिल नहुँदा दिनमै एक मुरीसम्म मकै, गहुँ र कोदो आम्दानी गरेको भन्दै अहिले आफ्नो गाउँमा मात्रै तीनवटा बिजुलीबाट चल्ने मिल रहेको मगरले बताउनुभयो ।

विद्युतीय मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने गरेको मगरले बताउनुभयो । पानीघट्ट चल्दा खोलको पानी सदुपयोग भए पनि अहिले यतिकै खेर गइरहेको उहाँको भनाइ छ । एक दशक अगाडिसम्म निसीखोलामा मात्रै झन्डै ५० वटा बढी पानीघट्ट चल्ने गरेको भन्दै अहिले दुई/चार ठाउँमा मात्रै रहेको मगरले बताउनुभयो । ती पनि सञ्चालन नहुँदा जीर्ण बनेको उहाँ बताउनुहुन्छ ।

मगरले भन्नुभयो, "गाउँमा बिजुली आएको धेरै वर्ष भएको छैन, बिजुली नहुँद पानीघट्ट र पानीमिल मात्रै चल्थे, पानी मिल बनाउन धेरै खर्च लाग्ने हुँदा एक/दुई ठाउँमा मात्रै हुन्थे, तर पानीघट्ट ठाउँ-ठाउँमा हुन्थे, मानिसले केही पिस्न परे घट्टमै जाने गर्थे, तर अहिले त टोलटोलमा नै मिल चल्ने भएपछि पानी घट्टको महत्व हरायो, घट्ट चल्ने बेला मैले महिनामै बीसौं हजारको आम्दानी गर्थे ।"

बागलुङका अधिकांश स-साना खोला किनारमा सानो टहरोमा पानीघट्ट बनाइन्यो । तर अहिले त्यो अवस्था छैन । बजारी क्षेत्रभन्दा ग्रामीण भेगमा बढी प्रचलित पानीघट्ट आधुनिक प्रविधिको विकासले लोप भएको गलकोट नगरपालिका-८ थमबहादुर खत्री बताउनुभयो । पहिले गलकोट क्षेत्रमा दर्जनौं पानीघट्ट सञ्चालन हुने गरेको भन्दै अहिले कहींकतै देख्न नपाइने बताउनुभयो । मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने र महिनौंसम्म पनि ढुसी नलाग्ने उहाँको भनाइ छ । उहाँले मिलमा पिसेको पीठो एक महिनामै बिग्रिने गरेको बताउनुभयो । "गाउँघरमा पीठो बिस्ने कि जाँतोमै हो कि त पानीघट्टमै हो, हामी सानो हुँदा एक डेढ घण्टा लगाएर घट्टमा सातु र पीठो पिस्न जाने गर्थ्यौं, घट्टमा पालो कुरेर बस्नेको लाइन हुन्थ्यो, अहिले त एउटा गाउँमा धेरै बिजुलीबाट चल्ने मिल बनाएका छन्," खत्रीले भन्नुभयो, "छिटो पनि हुँदोरैछ, कुटानी-पिसानी दुवै काम हुनेहुँदा पानीघट्टको प्रयोग गर्न छाडिएको छ, अब त त्यो जमाना फेरि आउँदैन होला, मिलहरू पनि आधुनिक किसिमका आउन थाले ।" हरेक गाउँमा मिल सञ्चालनमा आएपछि घट्ट प्रयोगविहीन बनेका छन् । प्रयोगविहीन बनेको घट्ट जीर्ण बनेका छन् भने त्यसका पार्टपुर्जा पनि कामै नलाग्ने गरी बिग्रिएको अवस्थामा छन् । गाउँमा मिलको चलन आउनुभन्दा पहिले खोला किनारमा पानीघट्ट सञ्चालन गरी केही स्थानीयले आफ्नो जीविकोपार्जन समेत त्यहीबाट गर्दै आएका थिए । तर मिलले घट्ट विस्थापित गरी दिएपछि पानीघट्ट सञ्चालकले पेसा परिवर्तन गर्नु परेको छ ।

# माउन्ट अन्नपूर्णमा ट्यालेन्ट सो

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर




पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा "खुल्ला माउन्ट अन्नपूर्ण मास ट्यालेन्ट सो" आयोजना भएको छ ।

शुक्रबार भएको ट्यालेन्ट सोमा विद्यालयका पूर्वप्राथमिकदेखि कक्षा १२ सम्मका विद्यार्थीले नृत्य,गायन,कबिता बाचन लगाएतका बिभिन्न बिधामा प्रतिष्पर्धा गरेको बिद्यालयका प्रार्चय सइन्द्रराज श्रेष्ठले बताए ।

ट्यालेन्ट सोमा कक्षा १० सम्मको नृत्य तर्फ निशान तिलिजा र दिपेश सुनारको समुह पहिलो,अनुषा छन्त्यालको समुह दोस्रो र प्रिन्सी गुरुङको समहु तेस्रो भए । कक्षा ११ र १२ तहको तर्फबाट शोनि मगरको समुह पहिलो र भावना रोक्काको समुह दोस्रो भए । गाएन तर्फ कल्पना सुनार पहिलो, उत्कृष्ट गुरुङ दोस्रो भएको बिद्यालयका अतिरिक्त क्रियाकलाप निर्देशक तेज बहादुर गुरुङले बताए । ट्यालेन्ट सोको निर्णायकको भूमिकामा हिमालि सांस्कृतिक परिवारका बरिष्ट कलाकार सन्जय गुरुङ र नितु गुरुङ रहेका थिए । कार्यक्रममा बोल्दै अतिरिक्त क्रियाकलाप निर्देशक गुरुङले बिद्यालयले आयोजना गर्ने यस्ता ट्यालेन्ट सोले बिद्यार्थीको अन्तर्रनिहित प्रतिभाको प्रस्फुटन गर्न सहयोग पुग्ने बताए । प्रशासनिक प्रमुख चित्र गुरुङले ट्यालेन्ट सो बिद्यालयले आयोजना गर्ने नियमित कार्यत्रक्रम भएको बताउदै यस्ता कार्यक्रमलाई बिद्यालयले नियमित रुपमा सञ्चालन गदै लैजाने बताए । माउन्ट अन्नपूर्णमा म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट र माउंटेनियरिङ बिषयमा कक्षा १२ सम्म पढाइ हुन्छ । यो गण्डकी प्रदेशकै निजी स्तरबाट सञ्चालित पहिलो बिद्यालय हो ।

# कास्की मोर्डनाइज्ड महोत्सव-२०८२ शुरु

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

कास्की मोर्डनाइज्ड एकेडेमी सेकेण्डरी स्कूलमा शुक्रबारदेखि 'कास्की मोर्डनाइज्ड महोत्सव-२०८२' शुरु भएको छ ।

'शैक्षिक क्षेत्रमा देखिएको आफ्नै पहिचान, हाम्रा विद्यार्थीको चौतर्फी क्षमता विकासमा हाम्रो अभियान' भन्ने मुल नाराका साथ आयोजित महोत्सव शनिबार सम्म चल्ने छ । कला, साहित्य, शिक्षा, खेल, सृजना र मनोरञ्जनको संगम स्थलको रुपमा हेरिएको उक्त महोत्सवमा विद्यालयका शिक्षक, विद्यार्थी, पूर्व विद्यार्थी, अभिभावकको जमघटको थलो बनेको छ । विद्यार्थीका अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्ने उद्देश्यका साथ विद्यालयले पहिलो पटक महोत्सव आयोजना गरेको हो । महोत्सवमा विद्यालयलका विद्यार्थीले वनाएका विभिन्न किसिमका वस्तु तथा परिकारहरु अभिभावकले किन्ने छन् । जुन वस्तु तथा परिकार विक्री गरेपछि



खर्च कटाएर वचेको रकम स्वयम् विद्यार्थीले नै पाँउनेछन् ।

शुक्रबार भएको महोत्सवमा कक्षा नर्सरी देखि २ सम्म र कक्षा ८ देखि १० सम्मका विद्यार्थी पूर्व विद्यार्थी र अभिभावकको सहभागिता रहेको छ भने शनिबार कक्षा ३ देखि ७ सम्म र कक्षा ११, १२ सम्मका विद्यार्थी, अभिभावक र पूर्व विद्यार्थीको सहभागिता रहने छ । महोत्सवमा विद्यालयका विद्यार्थी, पूर्व विद्यार्थी तथा अभिभावकको प्रस्तुति रहेको थियो । हरेक वर्ष गरिने अभिभावक दिवसले सवै विधा समेट्न नसक्ने भएर यस वर्ष दुई दिनको महोत्सव नै आयोजना गरिएको विद्यालयका संस्थापक प्रध्यानाध्यापक राम बहादुर मोचीले जानकारी दिए ।

'कक्षा कोठाको सिकाईबाट मात्र अब्बल भएका विद्यार्थीहरु जिवनमा सफल नभएको धेरै उदाहरण छन्' उनले भने, 'कक्षा कोठा भन्दा वाहिरको सिकाइबाट जिवनलाई सफल र सवल बनाउन सक्ने भएकाले यो महोत्सव आयोजना गरेका हौं ।' विद्यार्थीका प्रतिभा पहिचान गर्नका लागि यो महोत्सव कोशेढुङ्गा सावित हुने उनको विश्वास रहेको छ । 'यो महोत्सवमा विद्यालयका विद्यार्थीले विभिन्न वस्तु तथा परिकार बनाउँछन् जहाँ अभिभावक ग्राहक वनेर ति सामान किन्छन्' उनले भने, 'विद्यार्थीलाई पढाईसँगै वास्तविक सत्य र तथ्य वुझाउन पनि यो कार्यक्रम विद्यार्थीका लागि फलदायी हुनेछ ।' नाम र दाम दुवै कमाउनका लागि विद्यार्थीहरुलाई महोत्सव सिकाई हुने उनले बताए ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले महोत्सवले विद्यार्थीहरुका प्रतिभाको याथर्थ पहिचान गर्ने बताए । ' वच्चा जन्मिने वित्तिकै केहि न केहि प्रतिभा लिएर आएको हुन्छ, जसको पहिचान गर्न सक्नु पर्दछ' उनले भने, 'यो महोत्सवले तिनै प्रतिभाको पहिचान गरि जिवन बाच्न सिकाउने काम गरेको छ जुन पोखरा महानगरपालिकालाई पनि सिकाई बनेको छ । उनले महोत्सवले विद्यार्थीलाई प्लेट फर्म दिएको बताउँदै विद्यालयले सिकाएका सिप र सिकाईलाई अभिभावकले दैनिकीको रुपमा आफ्ना छोरा छोरीलाई प्रेरित गर्न सकेमा मात्र महोत्सवले सार्थकता पाउने बताए । यो महोत्सव रमाईलोको लागि नभई सिकाईको लागि हो भन्ने अभिभावले वुझ्नु पर्ने उनको भनाई थियो । एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले विद्यार्थीहरुको चौतर्फी विकास गर्नेकाम यो महोत्सवले गरेको बताए । 'एन प्याव्सनमा हुने वाल प्रतिभा पहिचान कार्यक्रमको पनि परिकल्पनाकार यसै विद्यालयका संस्थापका प्रध्यानाध्यापक अध्यक्ष राम बहादुर मोची सर हुनुहुन्थ्यो' उनले भने,' एन प्याव्सनको कार्यक्रमको झल्को दिने गरि कार्यक्रम गर्नुभएको छ यो विद्यार्थीका लागि ठूलो अवसर हो ।' हिसान कास्कीका अध्यक्ष दिवारक जैसीले विद्यार्थीका विविध क्षमताको प्रतिभा प्रस्फुटन गर्न थलो महोत्सव वनेको बताए । रामेश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष अधिवक्ता बोधराज बरालले निजि विद्यालयले गरेका यस्ता कार्यक्रम सामुदायिक विद्यालयलाई सिकाई हुने बताए । महोत्सवमा विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलावको पुरस्कार वितरण समेत गरिएको थियो । विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष राधा नेपालीको अध्यक्षतामा भएको उद्घाटन सत्रमा विद्यालयका सहायक प्रध्यानाध्यापक शिवलाल उपाध्याय, शैक्षिक प्रमुख शिवु ढकाल, शिक्षक अनुराग अधिकारी, विद्यार्थी जोसना गुरुङ, निशु गुरुङले बोलेका थिए ।


## विमालेख हरायो

यहि मिति २०८२/०६/१६ गते विरौटाबाट पोखरा न्यूरोड जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम: एन्जल बहादुर क्षेत्री
विमालेख नं. ४१२००००००००३४
सम्पर्क नं.
९८२४१४८०२४, ०६१-५५३६५२


# राष्ट्रपति रनिङ शिल्डको उपाधि बराह माविलाई



पोखरापत्र संवाददाता
कास्की, ५ मंसिर

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले आयोजना गरेको विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उपाधि बराह माध्यमिक विद्यालयले जितेको छ । माछापुच्छे गाउँपालिका-६ भिँडाबारीमा अवस्थित बराह मावि पहिलोपटक उपाधि चुम्न सफल भएको हो ।

यही मङ्सिर ३ गतेदेखि महेन्द्र माविको खेलमैदानमा सञ्चालन भएको रनिङ शिल्डमा १० स्वर्ण, छ रजत र दुई कास्य जितेर बराहले उपाधि जितेको हो । च्याम्पियन बनेको बराह माविले रनिङ शिल्डसहित रु १५ हजार पुरस्कार प्राप्त गरेको छ । प्रतियोगितामा पालिकाका १० सामुदायिक र दुई संस्थागत विद्यालयको सहभागिता थियो ।

त्यसैगरी, छ स्वर्ण, तीन रजत र तीन कास्य पदक जितेर माछापुच्छे मावि द्वितीय भयो । माछापुच्छेले रु १० हजार र ट्रफी पुरस्कार प्राप्त गरेको छ । निष्पक्ष माविले चार स्वर्ण, दुई रजत र तीन कास्य पदकको साथमा तृतीय स्थान हासिल गर्दै ट्रफी र रु सात हजार ५०० पुरस्कार पायो । प्रतियोगिताको विजेता विद्यालय तथा खेलाडीलाई गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङ, उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदी, वडाध्यक्ष, कार्यपालिका सदस्यलगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

प्रतियोगितामा छात्र तथा छात्रा भलिबल, छात्रछात्रा कबड्डी, एथलेटिक्स ट्र्याक, हाइजम्म, लङजम्प तथा ट्रिपलजम्पमलगायत खेल समावेश गरिएका थिए । गाउँपालिकाका अध्यक्ष गुरुङले पालिकाले खेलकुद विकासलाई प्राथमिकतामा राखेको बताउनुभयो । "हाम्रो पालिका पर्यटन र खेलकुदमा अग्रणी छ । आगामी दिनमा पनि खेल र पर्यटनलाई सँगसँगै अगाडि बढाउँदै लैजानेछौं", उहाँले भन्नुभयो । उपाध्यक्ष अधिकारीले प्रतिस्पर्धात्मक खेलकुद प्रदर्शनले पालिकामा रहेको प्रतिभा, उत्साह र खेलप्रतिको समर्पणलाई अझ उजागर गरिदिएको बताउनुभयो । "विभिन्न विधाका खेलाडीबाट देखिएको अनुशासन, आत्मविश्वास र प्रतिस्पर्धाले खेलकुदको असली पहिचान झल्कायो । विजेतालाई प्रदान गरिएको पुरस्कारले उनीहरूको मेहनत र क्षमताको कदरमात्र होइन, भावी यात्रामा थप ऊर्जा र प्रेरणा दिनेछ भन्नेमा विश्वस्त छु", उहाँले भन्नुभयो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

### हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बुद्धसिंह मार्ग निर्माण सुस्त गतिमा

पोखरापत्र संवाददाता
दमौली, ५ मंसिर

पृथ्वी राजमार्गको विकल्प मानिएको तनहुँ सदरमुकाम र चितवनको घुमाउनेघाटसम्मको ३४ किलोमिटर निर्माणाधीन बुद्धसिंह मार्गमा ४० प्रतिशत भौतिक प्रगति भएको छ ।

पूर्वाधार विकास कार्यालयकी इन्जिनियर सुष्मा पाण्डेका अनुसार व्यास-१ दमौली बसपार्कदेखि आँबुखैरेनी-५ घुमाउनेघाटसम्मको ३४ किलोमिटरमध्ये चालु आर्थिक वर्षमा १० किलोमिटर पक्की बनाइने छ । एक किमी ढलान गरिने छ ।

हालसम्म ५०० मिटर ढलान भइसकेको छ । सडक दमौली बसपार्कदेखि १० किलोमिटर सुँडेको पुलसम्म सात मिटर चौडा हुनेछ । सङ्घीय सरकारबाट बहुवर्षीय यो सडक निर्माणका लागि रु ३४ करोड २७ लाख ५४ हजार ५६१ विनियोजन भएको छ । वर्षाको पानी निकासका निम्ति नाला निर्माण, 'स्ट्रक्चर' र 'सबग्रेडिङ'लगायत काम जारी छ ।

# आगजनी र तोडफोड गर्नेविरुद्ध जाहेरी दर्ता

पोखरापत्र संवाददाता
पर्वत, ५ मंसिर

गत भदौ २४ गते जेनजीको आवरणमा भइरहेको आन्दोलनका क्रममा राजनीतिक दलका पार्टी कार्यालय, व्यक्तिगत घर र सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोडमा संलग्नलाई कारबाहीको माग गर्दै प्रहरीमा किटानी जाहेरी परेको छ ।

नेपाली कांग्रेस पर्वत र नेकपा (एमाले) पर्वतले शुक्रबार संयुक्त रूपमा जाहेरी दिएका हुन् । नेपाली कांग्रेस पर्वतका सभापति युवराज जोशीसहित पदाधिकारी र एमालेका जिल्ला अध्यक्ष गोविन्द पहाडीसहित पदाधिकारीहरू जिल्ला प्रशासन कार्यालय पर्वत र जिल्ला प्रहरी कार्यालय पर्वतमा पुगेर जाहेरी दर्ता गरेका हुन् । उनीहरूले आगजनी र तोडफोडमा संलग्नको तस्बिर, भिडियो फुटेज र विवरणसहित जाहेरी दर्ता गरेका हुन् । अराजकता मच्चाउनेमा अधिकांश कुलतमा लागेका, लागुऔषध प्रयोगकर्ता, प्रहरीमा विभिन्न समयमा मुद्दा परेकोको जाहेरीमा उल्लेख छ । अध्यक्ष पहाडीले आज पार्टी कार्यालय र पूर्व मन्त्री पद्म गिरीको घरमा आगजनी गर्नेले भोलि समाजमा कसैलाई पनि बाँकी नराख्ने भएकाले तत्काल कारबाहीको दायरमा ल्याउन आग्रह गर्नुभयो । अहिले जाहेरी मात्र दिइएको र कारबाही नभएमा किटानी जाहेरीसमेत दिने उहाँको भनाइ छ ।

भदौ २४ गते भएको आगजनीबाट नेकपा एमालेको पार्टी कार्यालयमा ४४ लाखभन्दा बढी, नेपाली कांग्रेसको कार्यालयमा साढे २१ लाख, पूर्वमन्त्री पद्म गिरीको घर र माओवादी केन्द्रको पार्टी कार्यालयमा आगजनी गरेका थिए । त्यस्तै, सहिद गोविन्दनाथ शर्मा र अमृतप्रसाद जोशीको सालिकमा तोडफोड गरेका थिए । जाहेरी बुझ्दै जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विजय यादवले जाहेरीका आधारमा भोलिदेखि नै सुक्ष्म अनुसन्धान सुरु गर्ने र दोषीलाई कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# प्रकृति र संस्कृतिको सङ्गम तीनचुले

**सन्तोष गौतम**
म्याग्दी, ५ मंसिर

घनाजङ्गलको बीचमा रहेको पहाडको टाकुरा । पूर्व र उत्तरतर्फ लहरै हिमाल । सूर्योदय र सूर्यास्तको मिठास दृश्य । नदी किनारदेखि हिमालको चुचुरोसम्मको भूगोल एकैठाउँबाट देख्न सकिने शान्त र एकान्त ठाउँ ।

चराचुरुङ्गीको चिरबिर आवाज ।

म्याग्दीको मङ्गला गाउँपालिका-५ र बागलुङको ताराखोला गाउँपालिका-४ को सिमानामा रहेको तीनचुले प्रकृति र संस्कृतिको सङ्गम हो । यो ठाउँ समुद्री सतहदेखि दुई हजार ९३२ मिटर उचाइमा अवस्थित छ । हिमशृङ्खला, सूर्योदय र पहाडी भूगोलको मनोरम दृश्यावलोकन गर्न सकिने तीनचुले सुनसान छ । धार्मिक पर्यटकीय क्षेत्र तीनचुले संरक्षण तथा प्रवर्द्धन समितिका अध्यक्ष धनबहादुर घर्तीले तीनचुलेको सम्भावना र सौन्दर्य स्थानीयस्तरमै सीमित भएको बताउनुभयो । "हरेक वर्षको कात्तिक शुक्ल पूर्णिमाका दिन तीनचुले बराहतालमा तोरण तार्ने धार्मिक मेलामा ताराखोला र मङ्गलाका बासिन्दा उपस्थित हुनेबाहेक अन्य समयमा पर्यटक आउन सकेका छैनन्", उहाँले भन्नुभयो, "आधार भूतस्तरको पूर्वाधार तयार पारेर तीनचुलेमा आन्तरिक र बाह्य पर्यटक भित्र्याउने प्रयासमा छौँ ।"

### तीनचुलेको आकर्षण

तीनचुलेबाट सिस्ने, चुरेन, गुर्जा, धवलागिरि, मानापाथी, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ । सिस्नेदेखि माछापुच्छ्रे रेञ्चका हिमशृङ्खला अवलोकन गर्न सकिने विरलै ठाउँमध्येको एक हो तीनचुले ।

सूर्योदय र सूर्यास्तका साथै म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका ग्रामीण बस्ती, नागबेली परेर बगेको म्याग्दी नदी, पहाडी भूगोल जङ्गलको बीच भागको उच्च ठाउँमा अवस्थित तीनचुलेको थप विशेषता हो । मङ्गला गाउँपालिका-२ का हरि भट्टराईले तीनचुलेमा धार्मिक आस्थासँगै



हिमशृङ्खला अवलोकन र प्राकृतिक सौन्दर्यमा रमाउन सकिने अनुभव सुनाउनुभयो । तीनचुलेमा रहेको गोलो आकारको बराहतालमा हरेक वर्षको कात्तिक पूर्णिमाका दिन प्रकृतिलाई खुसी पार्न तोरण तार्ने चलन छ । शिवालय मन्दिरमा पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास रहेको ताराखोलाका भपिन्द्र घर्तीमगरले बताउनुभयो । "चुलो आकार हुनेगरी तीनवटा ढुङ्गाका थुम्का भेटेपछि गोठालाले तीनचुले नामकरण गरेका किंवदन्ती छ", उहाँले भन्नुभयो, "शान्त र एकान्त ठाउँ भएकाले यहाँ ऋषिमुनिहरू तपस्या गर्न आउँथे । सोही क्रममा मन्दिर र आश्रय स्थापना भई पूजाआजा गर्न थालिएको हो ।"

विसं २०२४ देखि बैकुण्ठ चतुदर्शीका दिन तीनचुले नजिकैको माझखर्कमा जम्मा भएर रातभर भजन गाएर जाग्राम बस्ने र कात्तिक शुक्ल पूर्णिमाका दिन पूजाआजा तथा बराहतालमा तोरण तार्ने चलन सुरु भएको थियो । तपस्याका लागि तीनचुले पुगेका तत्कालीन अर्मन गाउँ पञ्चायतका केयरसिंह पुर्जाले २०३१ सालमा बनाएको मन्दिरलाई पुनर्निर्माण र व्यवस्थित गरेर पूजाआजा गर्ने व्यवस्था मिलाइएको छ । गोलो आकारको तीनचुलेको बराहतालमा जस्तोसुकै खडेरीमा पनि पानी नसुक्ने र पानीको स्रोत पनि नदेखिने स्थानीयवासी बताउँछन् ।

### पूर्वाधार तयार

गण्डकी प्रदेश सरकार, ताराखोला, मङ्गला गाउँपालिका र समुदायको साझेदारीमा यहाँ पूर्वाधार निर्माण भएको छ । ताराखोला गाउँपालिकाको रु २० लाख बजेटबाट गत आर्थिक वर्षमा तीनचुलेको शिवालय मन्दिर पुनर्निर्माणका साथै माझखर्कदेखि तीनचुलेतर्फ जाने २१० मिटर स्लेट ढुङ्गा बिछ्याएर पदमार्ग निर्माण भएको समितिका सचिव पूर्णभद्र निउरेले बताउनुभयो । स्थानीयवासीले चन्दा सङ्कलन गरेर माझखर्कमा वनभोजस्थल र आश्रयस्थल निर्माण गरेका छन् । अघिल्लो वर्ष ताराखोला गाउँपालिकाको रु सात लाख बजेटबाट मन्दिर परिसरमा घेराबार पर्खाल र दुई सय मिटर पदमार्ग निर्माण भएको थियो ।

तीनचुलेमा दृश्यावलोकनस्थल निर्माणका लागि सामाजिक सञ्जाल फेसबुकमा सञ्चालन भएको अभियानमार्फत करिब रु तीन लाख सङ्कलन भएको समितिले जनाएको छ । गण्डकी प्रदेश सरकारको रु ७५ लाख र तालाखोला गाउँपालिकाको रु १० लाख लगानीमा ताराखोला गाउँपालिका-४ नागबेलीदेखि दावा हुँदै तीनचुले जोड्ने पाँच किलोमिटर सडक निर्माण भएको छ । सडक बनेपछि दुई घण्टाको बाटो २० मिनेटमा छोटिएको छ ।

मङ्गला गाउँपालिका-५ देउरालीदेखि तीनचुले जोड्ने सात किलोमिटर सडक निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको रु २१ लाख लगानीमा सौर्य ऊर्जाको प्रयोग गरी चैतेथरीको मुहानबाट दुई हजार २०० मिटर लामो पाइपबाट पानी लगेर पाँच हजार लिटर क्षमताको ट्याङ्कीमा सङ्कलन र दुईवटा धारा बनाएर वितरणको व्यवस्था मिलाइएको छ ।

### कसरी पुग्ने ?

तीनचुले म्याग्दीको अर्मन र बागलुङको ताराखोला हुँदै सडक तथा पदमार्गको प्रयोग गरेर पुग्न सकिन्छ । मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौरदेखि किमचौर हुँदै दुई घण्टा कच्ची सडकको यात्रा गरेपछि तीनचुले पुगिन्छ । ताराखोलाको दोगाडी, नागबेलीखोला गाउँदेखि तीनचुले नजिकैको माझखर्कसम्म पुग्ने कच्ची सडक छ । टिकावाङ, किमचौर, दोगाडी र नागबेलीखोलाका बासिन्दाले पाहुनालाई खाजा, खाना खुवाउने गर्छन् । 'क्याम्पिङ' पदयात्रा गर्नेहरूका लागि पनि यो ठाउँ उपयुक्त छ । ताराखोला र मङ्गला गाउँपालिकामा मगर समुदायको बाहुल्य बसोबास छ । मगर समुदायको जीवनशैली, संस्कार, संस्कृति, रहनसहन र मेलाजात्रामा रमाउन सकिन्छ ।

### दुई जिल्लाको सम्बन्धको सेतु

तीनचुलेले बागलुङ र म्याग्दीको सम्बन्धका सेतुको पनि काम गरेको छ । म्याग्दी र बागलुङको सिमानामा पर्ने सोलेडाँडालगायत सीमाक्षेत्रमा पर्ने पर्यटकीयस्थल र प्राकृतिक सम्पदाको उपभोगको विषयमा विवाद छ । तर ताराखोला र मङ्गलाका बासिन्दाले सहकार्य, समन्वय र साझेदारीमा तीनचुलेको विकासमा जुटेर सकारात्मक सन्देश दिएका छन् । ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विक (हिमाल)ले पालिकाको केन्द्र अर्गलस्थित सहिद पार्कदेखि दशवर्षे 'जनयुद्ध'का समयमा लडाकु र विद्रोही पक्षका नेता कार्यकर्ता आवतजावत गर्ने बाटोलाई गुरिल्ला पदमार्गका रूपमा विकास गर्न लागिएको बताउनुभयो । अर्गलदेखि सहिदपार्क हुँदै तीनचुले, हिले, दुरलेक जोड्ने पदमार्गको परिकल्पना गरेको र हिलेमा होमस्टे सञ्चालन भएको उहाँले बताउनुभयो । मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बेनी नगरपालिका र काठेखोलाको सिमाना बेलढुङ्गा, ताराखोलाको सिमाना गम्फाको धुरी, झाँक्रीपानी, तीनचुले, चाङ्गालगायत स्थानलाई समेटेर पदमार्गको सम्भाव्यता अध्ययन गर्न छिमेकी पालिकाहरूसँग समन्वय गरेको बताउनुभयो ।

"तीनचुलेलाई केन्द्र बनाएर सातदेखि १० दिनको नयाँ पदमार्ग बनाउन अन्तरपालिकाहरूसँग छलफल चलाएका छौँ", उहाँले भन्नुभयो, "पर्यटकीय गन्तव्यको पहिचान गरी पूर्वाधार विकास र ग्रामीण क्षेत्रमा रोजगारी तथा आयआर्जनको अवसर सृजना गराउन सम्भव हुन्छ ।"

# छिम्केश्वरी उद्यान आन्तरिक पर्यटकको रोजाइमा

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ मंसिर

जिल्लाको सबैभन्दा अग्लो स्थान छिम्केश्वरीमा निर्माण गरिएको उद्यान (पार्क) आन्तरिक पर्यटकको रोजाइमा परेको छ । समुद्र सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीमा निर्माण गरिएको पार्कले आन्तरिक पर्यटकको ध्यान खिचेको छ ।

प्रसिद्ध छिम्केश्वरी मन्दिरको नजिकै रहेको यस उद्यानमा बिदा र शनिबार आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको वडाध्यक्ष सन्तोष गुरुङले जानकारी दिनुभयो । प्रसिद्ध छिम्केश्वरी माई मन्दिरमा पूजाआजाका लागि आउनेहरू यस उद्यानमा घुम्न नछुटाउने गुरुङको भनाइ छ । गण्डकी प्रदेश सरकारको रु २० लाख र स्थानीय जनसहभागिता रु दुई लाख गरी रु २२ लाखको लागतमा पार्क निर्माण गरिएको हो । यहाँ २० फिट अग्लो नेपालको झण्डासमेत राखिएको छ । यहाँको मौसम शीतल रहेकाले गर्मी मौसममा अझ बढी पर्यटकको सङ्ख्या बढ्ने उहाँको भनाइ छ । उहाँले



भन्नुभयो, "यहाँ छिनछिनमा मौसम परिवर्तन भइरहन्छ, एकैछिनमा घाम लाग्छ एकैछिनमा हुस्सुले छेकिन्छ ।" यहाँ आउने आन्तरिक पर्यटक तस्बिर खिच्न, टिकटक बनाउन पार्कमा भुल्ने गरेका छन् । यहाँबाट देखिने विभिन्न हिमशृङ्खलाले पर्यटकलाई अझ मोहित बनाउने गरेको छ । छिम्केश्वरीबाट धवलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायत हिमाल आँखै अगाडि हेर्न सकिन्छ । आँबुखैरेनी गाउँपालिकाले छिम्केश्वरीमा रहेको छिम्केश्वरी मन्दिर जीर्णोद्वार गरिसकेको छ । यसअघि रहेको पुरानो मन्दिरलाई जीर्णोद्वार गरी मन्दिरलाई आकर्षक बनाइएको छ । मन्दिरमा पित्तलको छानो राखिएको छ । गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरी लेकमै अवस्थित छन् भने साइली गोरखकालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ ।

# शितलाका विद्यार्थीलाई न्यानो कपडा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ५ मंसिर

स्याङ्जाको एक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ । मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व अर्न्तगत उक्त विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको हो ।

जिल्ला सदरमुकामस्थित पुतलीबजार नगरपालिका वडा नं.-५ पौवैगौडेको गौडेस्थित शितला माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई बैंकले न्यानो कपडा वितरण गरेको छ । विद्यालयका जेहेन्दार झण्डै १४५ विद्यार्थीलाई बैंकले करिब एक लाख ५० हजार मुल्य बराबरको न्यानो कपडा वितरण गरेको छ । न्यानो कपडा वितरण कार्यक्रममा बोल्दै मुक्तिनाथ विकास बैंकका संचालक भरतप्रसाद लम्सालले बैंकले आफ्ना सेवाग्राही र कार्यक्षेत्रका सबै पक्षसँग हातेमालो गर्दै अगाडी बढ्ने बताए । बैंकलाई माथि उठाउन समाजका हरेक नागरिकको समान भूमिका रहेको स्मरण गर्दै संचालक लम्सालले समाजको त्यहि वर्गको उत्थानमा बैंकले काम गर्दै आएको सुनाए ।

बैंक तथा वित्तीय संस्थाहरुले नाफा आर्जनका गतिविधिमा मात्रै आफूलाई सिमित नराख्न आग्रह गर्दै स्याङ्जा बहुमुखी क्याम्पसका संस्थापक समेत रहेका लम्सालले समाजका गरिब, जेहेन्दार, मेहनती विद्यार्थी र लगनशिल, कर्मशिल वर्गका मानिसलाई सहयोग गर्दै अगाडी बढ्न सुझाए । कार्यक्रममा मुक्तिनाथ विकास बैंक उप-क्षेत्रिय कार्यालय स्याङ्जाका प्रमुख ऋषि ढकालले मुक्तिनाथ विकास बैंकले आफ्नो सेवालाई उच्च प्राथमिकतामा राखेर नागरिकको समयानुकूल सेवामा खटिरहेको स्पष्ट पारे । उनले समाजका प्रत्येक वर्गको उत्थान र प्रगतिमा मुक्तिनाथ बैंकले सहकार्य गर्दै जाने जनाए। सोहिअवसरमा विद्यालयमा अध्ययन गरेका पूर्वविद्यार्थीहरुको साझा मञ्च पूर्वविद्यार्थी मञ्चको सक्रियतामा विद्यार्थीलाई खेलकुद सामग्री हस्तारन्तरण गरिएको थियो। करिब १० हजार मूल्य बराबरको खेलकुद सामग्री विद्यालय मार्फत विद्यार्थीलाई हस्तान्तरण गरिएको हो । विद्यालयका पूर्वविद्यार्थी



तथा मुक्तिनाथ विकास बैंकका सहायक नायव प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत तिल बहादुर गुरुङको अगुवाईमा खरिद गरिएको भलिबल, नेट सहितका खेलकुद सामग्री विद्यार्थीलाई हस्तान्तरण गरिएको विद्यालयका पूर्वविद्यार्थी तथा युवा समाजसेवी दिपेन्द्र आलेले जानकारी दिए । पुतलीबजार नगरपालिका वडा नं.-५ का वडाध्यक्ष अर्जुनकुमार कार्कीको अध्यक्षतामा भएको न्यानो कपडा वितरण कार्यक्रममा विद्यालयका प्रधानाध्यापक बलराम दोरङ्गाले स्वागत गरेका थिए भने विद्यालयका शिक्षिका अप्सरा कार्की गोदारले कार्यक्रम संचालन गरेकी थिईन् । त्यस अवसरमा विद्यालय व्यवस्थापन समिति, अभिभावक संघका पदाधिकारी र सदस्य तथा अभिभावकहरुको सहभागिता रहेको थियो । २०६३ सालदेखि स्याङ्जाबाट कारोबार शुरु गरेको मुक्तिनाथ विकास बैंक छोटो समयमै राष्ट्रियस्तरका बैंकमध्ये अब्बल र उत्कृष्ट बन्न सफल भएको छ । बैंकको चुक्ता पुँजी ९ अर्ब नाघेसँगै बैंकले वाणिज्यस्तरको बैंक बन्ने प्रक्रिया थालेको छ ।

# मुस्ताङमा पहिलो चार महिनामा भित्रिए दुई लाख बढी पर्यटक

**पोखरापत्र संवाददाता**
मनाङ, ५ मंसिर

धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा चार महिनाको अवधिमा दुई लाख दुई हजार ३५१ जना पर्यटक भित्रिएका छन् ।

चालु आवको साउनदेखि कात्तिक मसान्तसम्म बेनी-जोमसोम सडकमार्ग हुँदै एक लाख ६० हजार ९२९ जना आन्तरिक र ४१ हजार ४३० जना विदेशी पर्यटक मुस्ताङ भित्रिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार चालु आवको साउनमा १९ हजार ७८१, भदौमा २३ हजार २०५, असोजमा ७५ हजार ५९९ जना र कात्तिक महिनामा ८३ हजार ७६६ जना आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएका हुन् । यसअघि आव २०८१/०८२ मा राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग हुँदै सात लाख पाँच हजार ७७९ हजार आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङको तथ्याङ्कमा उल्लेख छ । गत वर्ष पाँच लाख ५५ हजार ३२६ जना आन्तरिक र एक लाख ५० हजार ४५३ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए ।

मुस्ताङमा गत वर्षको कूल पर्यटक सङ्ख्याको तुलनामा चालु आवको पहिलो चार महिनामा २८ दशमलव ७६ प्रतिशत पर्यटक मुस्ताङ भित्रिएको प्रहरीको तथ्याङ्कले देखाउँछ ।तर, चालु आवको पहिलो चौमासिकमा युवाको जेनजी आन्दोलन र प्रतिकूल मौसमका कारण मुस्ताङको पर्यटनमा आंशिक असर पुर्‍याएको थियो । पछिल्लो समय राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक सहज हुँदै गएपछि आन्तरिक तथा बाह्य पर्यटकको मुस्ताङ आगमन वृद्धि भइरहेको छ । यहाँको कोरला सडकअन्तर्गत म्याग्दीको बेनीदेखि मुक्तिनाथसम्म दुई तिहाइ स्थानको सडक कालोपत्र सम्पन्न भइसकेकाले पनि मुस्ताङमा पर्यटक आगमन वृद्धि भइरहेको हो । मुक्तिनाथ दर्शनका लागि यहाँ आएका पर्यटकमध्ये एक तिहाइ पर्यटक माथिल्लो मुस्ताङ र कोरला नाका भ्रमणका लागि जाने गरेका छन् । नेपाल-चीन बहुचर्चित कोरला नाका तथा लोमान्थाङ दरबार, झोङ गुफालगायत माथिल्लो मुस्ताङका सदियौँ वर्ष पुराना गुम्बा, माने, छोर्तेन, मानव निर्मित गुफालगायत माथिल्लो मुस्ताङको भौगोलिक तथा जैविक विविधता अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । चालु आर्थिक वर्षदेखि पर्यटन मन्त्रालयले उपल्लो मुस्ताङको हिमचुचुराको आरोहरण खुला गरिएकाले विदेशी पर्यटकको सङ्ख्या वृद्धि हुन थालेको उहाँको भनाइ छ । यसैगरी, मुक्तिनाथ दर्शन गर्न आएको आन्तरिक पर्यटकले कागबेनी धाममा दिवङ्गत पितृको नाममा श्राद्ध, तर्पण र पिण्डदान गर्ने भएकाले आन्तरिक पर्यटक वृद्धि भएको पाइएको हो ।

यसैगरी लमजुङको बेँसी सहरबाट मनाङ हुँदै मुस्ताङ भित्रिने विदेशी पर्यटक जोमसोमबाट हवाईमार्ग हुँदै फर्किने गर्छन् । मुस्ताङ आउने पर्यटकले यहाँको ढुम्बाताल, यारुझो भ्युटावर, जोमसोम बजार, मार्फा गाउँलगायत अवलोकन गर्न छुटाउँदैनन् ।

# रघुगङ्गाको मौवाफाँटमा पक्की सडक निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ मंसिर

रघुगङ्गा गाउँपालिकाको कार्यालय रहेको मौवाफाँटमा रु ५३ लाख खर्चेर पक्की सडक निर्माण भएको छ ।

मौवाफाँट चोकदेखि गाउँपालिका कार्यालयसम्म पुग्ने २९१ मिटर सडकलाई छदेखि आठ मिटर चौडा बनाएर ढलान गरिएको छ । रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीका अनुसार पानीको निकासका निम्ति नालीका साथै सडकको सुरक्षाका लागि टेवा पर्खाल निर्माण भएको छ । पक्की सडक बनेपछि स्थानीय हर्षित छन् । ढल व्यवस्थापन गर्न नौ वटा ह्युमपाइप बिछ्याइएका छन् भने २२५ मिटर पक्की नाला र पर्खाल पनि निर्माण गरिएको छ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ३३ मणि मार्ग बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः मणि मार्ग बाटो ढलान
ठेगानाः पोखरा-३३, महाकालीचोक
योजना सम्झौता मितिः २०८२/०७/१७ गते
योजना शुरु मिति : २०८२/०७/१७ गते
योजना सम्पन्न गर्नुपर्ने मितिः २०८२/०९/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०७/२५ गते
योजनाको कुल लागतः रु. ८,८०,६५५.०६
महानगरपालिकाबाटः रु. ८,००,०००|-
जनसहभागिताबाटः रु. ८०,६५५.०६|-
उपभोक्ता समिति अध्यक्षः धन प्रसाद लम्साल
सचिवः यशोदा खत्री
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**मणि मार्ग उपभोक्ता समिति पोखरा-३३**